# ४.४ मानव अधिकारमुखी व्यवसायको कसीमा कास्कीको पर्यटन व्यवसाय

**परिचय**

नेपालको पर्यटन व्यवसायको एक प्रमुख केन्द्र कास्कीमा विभिन्न क्षेत्रमा कार्यरत श्रमिकहरूको मानव अधिकार सुनिश्चित हुनु पर्दछ भन्ने आग्रहका साथ पर्यटन व्यवसायी, मजदुर, ट्रेड युनियन सम्बद्ध पदाधिकारीहरूसँग गरिएको छलफल र मानव अधिकारमुखी व्यवसायको सिद्धान्तमा आधारित भएर यो आलेख तयार गरिएको छ। कास्कीको पर्यटन क्षेत्रमा कार्यरत श्रमिकहरू इच्छा बेगरको कार्यमा संलग्न हुनुपरेको न्यूनतम ज्यालामा काम गर्नुपरेको छ वा छैन भनी थाहा पाउन यो अध्ययन गरिएको हो।

२००७ सालको राजनीतिक परिवर्तनसँगै नेपाल बाह्य दुनियासँग जोडियो। त्यसपछि विकास तथा बाह्य सञ्चार र यातायातका कामहरू हुन सुरु हुन थाले। २०१० जेठ १६ गते एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथा आरोहण गरेर नेपाललाई विश्वमा परिचित गराए। त्यस घटनाले विदेशी पर्यटकको ध्यान नेपालमा आकर्षित गऱ्यो। त्यही बेलादेखि नेपालमा ट्रेकिङ र हिमाल चढाइ विदेशीहरूको रूचीको विषय बन्न थाल्यो र नेपालमा पर्यटन व्यवसाय व्यवसायिक रूपमा फैलन सुरु भयो।

पर्यटन व्यवसायलाई प्रवर्धन गर्ने उद्देश्यले २०५५ सालमा नेपाल सरकारले नेपाल पर्यटन बोर्डको स्थापना गऱ्यो। विस्तारै व्यवसायिक रूपमा फैलँदै गएको पर्यटन उद्योग १० वर्ष लामो सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरताजस्ता कारणले उल्लेख्य गति लिन सकेन। २०७२ सालको भूकम्पपछि सुस्ताएको पर्यटन उद्योगमा २०७६ सालदेखिको कोभिड महामारीपछि झनै सुस्तायो। कोभिड महामारीपछि संसारभर फैलिएको आर्थिक मन्दीको मार खेप्दै नेपालमा पर्यटन व्यवसायले फेरि केही गति लिन थालेको छ।

कास्की जिल्ला नेपालमा पर्यटनको महत्त्वपूर्ण गन्तव्य हो। सात ताल तथा हिमालयले घेरिएको जिल्ला, खासगरी पोखरा शहर र अन्नपूर्ण हिमशृङ्खला पर्यटक आकर्षण गर्ने मुख्यस्थल हुन्। अहिले कास्कीको ग्रामीण भेगहरू पनि होमस्टेका लागि निकै चर्चित छन्। अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक तथा धम्पुस, मादी गाउँपालिकाको सिकलेस तथा माछापुच्छ्रेको ल्वाङजस्ता स्थलहरूमा होमस्टे लोकप्रिय भइरहेका छन्।

ग्रामीण पर्यटनले विकास तथा सांस्कृतिक रूपान्तरण तथा स्वरोजगारमा निकै ठूलो भूमिका खेलेको छ भने विभिन्न संस्कृति, धर्म, भाषाका मानिसहरूलाई भित्र्याउने र एकअर्काको जीवन शैलीहरू नजिकबाट नियाल्ने र यसले जीवनको फराकिलो दृष्टिकोण प्रदान गर्ने गर्छ। यसले रोजगारी सृजना गर्नुका साथै सामाजिक, सांस्कृतिक र शैक्षिक विकास गर्न पनि मद्दत गरेको छ। पर्यटन संसारको सबैभन्दा ठूलामध्ये र द्रुत रूपमा बढिरहेको सेवा उद्योग मानिन्छ। यसले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

नेपालमा पनि पर्यटनले आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याएर देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको छ। विशेष गरेर पर्यटक आउने मुलुकहरूको सन्दर्भमा उठ्ने गरेको व्यापार र मानव अधिकारको विषयबाट नेपाल पनि अछुतो छैन। पर्यटनको हकमा कामदारहरूका विषयलाई लिएर यस उद्योगभित्र 'आधुनिक दासता' हावी छ भनी आरोप लाग्ने गरेको छ। आधुनिक दासताको अर्थ कुनै व्यक्तिलाई अरुले व्यक्तिगत अथवा व्यवसायिक लाभको लागि शोषण गर्नु हो। जसअन्तर्गत मानव बेचबिखन, बालश्रम, जबरजस्ती श्रम, जबरजस्ती विवाह, यौन व्यवसायका लागि बेचबिखन, सम्बन्धित श्रम अथवा ऋण बन्धक जस्ता कुराहरू मुख्य रूपमा रहेका छन्।

पर्यटन व्यवसायमा मुख्य रूपमा बालश्रम, बेचबिखन तथा जबरजस्ती श्रममा लगाउने जस्ता क्रियाकलाप हुने गरेको आरोप लाग्ने गरेको छ। यस्ता अरोपहरूको बेलैमा सम्बोधन हुन नसके विस्तारै गति लिन थालेको पर्यटन उद्योगलाई नै नकारात्मक असर गर्न सक्छ। ग्रामीण भेगका बालबालिका तथा महिलाहरू, अभावग्रस्त पारिवारिक अवस्था, कमजोर आर्थिक अवस्था तथा शहरको आकर्षणका कारण मनोवैज्ञानिक दबाब सहन नसकी विभिन्न खालका श्रम गर्न बाध्य हुन्छन्। खासगरी, होटल तथा रेस्टुरेण्टहरूमा अबेरसम्म, कम ज्यालामा काम लगाउने, इच्छाविपरीतका क्रियाकलापमा संलग्न हुन बाध्य बनाउने जस्ता विषय मुख्य छन्। २०७९

साउनदेखि २०८० असारसम्मको तथ्याङ्क अनुसार मानव बेचबिखनबाट बचेकाहरूद्वारा स्थापित र सञ्चालित गैरसरकारी संस्था शक्ति समूहको आँकडामा कास्कीमा २१ जना महिला तथा बालबालिका जबरजस्ती यौन कार्यमा लगाइएको उल्लेख छ।

### पर्यटन क्षेत्रमा आधुनिक दासता

साधारणतया हामीले दासता भनेको कमैया, दास, हली तथा घरेलु कामदार भन्ने मात्र बुझेका थियौँ भने अहिले आएर श्रम शोषणलाई पनि आधुनिक दासतामा राखिन्छ। आधुनिक दासता शब्दको प्रयोग अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गरेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले १९३० (नं.२९ ) मा 'शोषणको अवस्था जसमा एक व्यक्तिले धम्की, हिंसा, जबरजस्ती, धोका, वा शक्तिको दुरुपयोगको आदि कारणले अस्वीकार गर्न वा छोड्न सक्दैन' (Factsheet 1991)।

विश्वव्यापी रूपमा कुनै पनि रूपको दासतासम्बन्धी अभियानमा संलग्न एण्टीस्लेभरी इन्टरन्यासनलका अनुसार आजको मितिमा समेत विश्वभर ५ करोड मानिस दासताको पासोमा छन्। यो यस्तो समस्या हो जुन पृथ्वीका हरेक देश यसबाट प्रभावित छन्। १६ औँदेखि १९ औँ शताब्दीसम्म अफ्रिकाबाट आन्ध्र महासागर कटाएर १०-१२ लाख अफ्रिकी दासहरूलाई अमेरिका पुऱ्याइएको थियो। ऊ बेलाको दास व्यापारभन्दा आज दासत्व फरक छ। तर, आधुनिक दासत्व यस्तो शब्दावली हो, यसले दासत्व नै जनिने बेचबिखनको शिकार हुने लगायतका कैयन रूपहरूलाई समेट्छ। आधुनिक दासताका धेरै परिभाषा छन्। ती सबैले मूलत: नियन्त्रण, इच्छाबेगर गर्नुपर्ने कार्य र शोषणका पक्षहरूलाई समेट्छन्।

आधुनिक दासता शब्दको अर्थले प्राय: जबरजस्ती गरिने सबै किसिमका श्रमलाई बुझिन्छ। नेपालमा प्राय: सबै क्षेत्रमा श्रम शोषण रहेको पाइन्छ। पर्यटन क्षेत्रमा पनि यस्तो शोषण छ। व्यापारिक क्षेत्रमा मूल्यमा बढी प्रतिस्पर्धा गर्ने हुँदा होटल रेष्टुरेन्ट, विभिन्न मनोरञ्जन क्षेत्रमा काम गर्ने कामदार श्रमको उचित पारिश्रमिकबाट वञ्चित रहेको पाइन्छ। पर्यटन व्यवसाय मौसमी हुने हुँदा ६ महिनाको कमाइले वर्षभर व्यवसाय चलाउनुपर्ने बाध्यताको मार श्रमिकमा पर्ने गरेको छ।

राज्यले तोकेको मापदण्ड अनुसार रोजगारदाताले पारिश्रमिक दिए नदिएको अनुगमन नहुँदा यस्ता खालका समस्याहरू बढ्दो क्रममा छन्।

मनोरञ्जन क्षेत्र खास गरी डान्सबार, दोहोरी साँझ, स्पा तथा मसाज सेन्टरहरूमा काम गर्ने श्रमिकहरूलाई कुनै पनि श्रम सम्झौता बिना काम गराउने, राज्यले तोकेको न्यूनतम ज्याला नदिने, महिला तथा बालिकाहरूलाई शोषण गर्ने जस्ता खालका समस्याहरू रहेका छन्। जसको उचित अनुगमन हुँदैन।

पोखरा आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकका लागि मुख्य गन्तव्य स्थल बनेको छ। यहाँ ठूलो सङ्ख्यामा होटल, डान्सबार, दोहोरी साझ, स्पाहरू खुल्न थाले जसमध्ये केहीमा मनोरञ्जन मात्र होइन श्रम शोषण पनि हुने गरेको छ। राज्यका निकायले यस क्षेत्रको अनुगमन नगर्दा गलत कामले प्रश्रय पाउने क्रम बढ्दै गएको अध्ययनका क्रममा पाइएको छ।

गण्डकीको कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत रहेको छ भने १५ प्रतिशत रोजगारी सिर्जना गरेको प्रदेश नीति तथा योजना आयोगको प्रथम पञ्चवर्षीय योजना-२०७७ मा उल्लेख छ। होटेल व्यवसायी सङ्घ (हान), कास्कीको तथ्याङ्क अनुसार कास्कीमा पाँचतारे होटेल एक, चार तारे होटल पाँच, दुई तारे होटल चारओटा रहेका छन् भने १ हजार २ सयओटा अन्य सामान्य होटेल रहेका छन्। यी होटेल तथा रिसोर्टहरूले लगभग २५ हजार जति मानिसलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी प्रदान गरेका छन्।

### मानव अधिकार केन्द्रित अवधारणा

हरेक व्यवसायको सकारात्मक वा नकारात्मक प्रभाव हुन्छ। त्यसैले व्यापार व्यवसायहरू सामाजिक हितप्रति उत्तरदायी हुनुपर्छ भन्ने अवधारणा अन्तरगत, संस्थागत सामाजिक दायित्वको विकास भएको छ। यद्यपि यस दायित्वको पूर्ति बाध्यकारी नभएको हुँदा प्राय: व्यवसायीहरू पन्छिने प्रवृत्ति पाइन्छ। मानव अधिकारको संरक्षण गर्ने राज्यको परम्परागत जिम्मेवारीलाई व्यवसाय र मानव अधिकारले अझै विस्तृतिकरण गरेको छ। सरकार तथा राज्यले परम्परागत रूपमा गर्दै आएका वस्तु र सेवासम्बन्धी अधिकांश कार्यहरू व्यवसायिक क्षेत्रले पनि गरिरहेको छ। व्यवसायिक व्यक्ति तथा सङ्गठनबाट मानव अधिकार उल्लङ्घन भएको खण्डमा पीडितको न्यायमा पहुँच, क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गर्ने दायित्व राज्यको हो। मानव अधिकारका मापदण्डहरूको सम्मान गर्दै व्यवसाय सञ्चालनका क्रममा मानव अधिकार संरक्षण र संवर्द्धन रोक्ने, न्यूनीकरण गर्ने र

उल्लङ्घन भएमा उचित सम्बोधनको जबाफदेहिता तथा जिम्मेबारी सम्बन्धित व्यवसायिक प्रतिष्ठानले नै लिनुपर्ने, व्यवसाय र मानव अधिकाकारको मूल मर्म हो। तर धेरै व्यवसायीहरूले यो धारणालाई आत्मासात गरेको पाइँदैन।

**पथ प्रर्दशक श्रमिकको अवस्था**

मौसम सुरू भएसँगै भ्याइनभ्याइँ डाडाकाँडा उक्लिरहने पथप्रदर्शकहरू पर्यटनमा छाएको मन्दीका कारण वर्ष दिन जति त घरमै बस्न बाध्य भए। अहिले काम पाइहाले पनि पहिलेको तुलनामा उत्साहजनक अवस्था आइसकेको छैन। पर्यटन क्षेत्रलाई सानोतिनो कुराले धेरै प्रभाव परिहाल्छ। अरू पेशा गरे जस्तो भएन, मौसमी जस्तो एक पथप्रदर्शक बताउँछन्।

नेपालमा पर्यटनको मुख्य आकर्षण पदयात्रा हो, महिनौँ लाग्ने पदयात्रा मोटरबाटोले विस्थापित गर्दैछ। पुराना पदमार्ग पुनः निर्माण गरिएको छैन। दिन छोटिइरहेको छ, पहिले एक महिना लाग्ने अन्नपूर्ण सर्किट अहिले ८/ १० दिनमै सकिन्छ। क्याम्पिङ गरेर महिना दिन हुने पदयात्रा दुईचार दिनमै सकिन थालेको छ। यसरी व्यवसायी र श्रमजिवीलाई झन् चुनौती थपिएको छ। सरकारले पर्यटनलाई अर्थतन्त्रको एउटा प्रमुख स्रोतका रूपमा लिएको छ। तर, अर्थतन्त्रको मुख्य स्रोतलाई व्यवस्थित बनाएर थप आम्दानी गर्नेतर्फ सरकारको ध्यान पुगेको देखिन्न। पदयात्रा व्यवस्थित र मर्यादित बनाउन ट्रेकिङ एजेन्सी (टान)ले नयाँ पथप्रदर्शक उत्पादन गर्न तालिमको व्यवस्था गर्छ। प्रतिव्यक्ति ७ देखि १० हजार रुपियाँका दरले शुल्क दिएर तालिम दिने गर्छ तर, तालिम लिएर काम पाउने सुनिश्चितता भने छैन त्यसैले, तालिम लिए पनि काममै टिकिरहने वातावरण बनेको छैन।

पथप्रदर्शकका अनुसार अस्वस्थ प्रतिस्पर्धाले यस क्षेत्रमा श्रमिकहरू मारमा परेका छन्। पर्यटकलाई भित्र्याउने प्रलोभनमा मनमौजी मूल्य निर्धारण हुँदा मर्का श्रमिकलाई पर्ने गरेको छ। न्यून मूल्यमा पथप्रदर्शन गर्ने र पर्यटक आफ्नोमा तान्ने ध्याउन्नमा कम दरमा काम लगाउने अवस्था छ।

**श्रम कानुनका मापदण्डहरू**

नेपालको संविधानको धारा ३४ ले श्रमको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने, उचित पारिश्रमिक र सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने तथा कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। नेपालको संविधानले व्यवस्था गरेको रोजगारीको हक, श्रमसम्बन्धी हक, सामाजिक सुरक्षाको हक व्यवसाय र मानव अधिकारसँग सम्बन्धित प्राथमिक अधिकारहरू हुन्। नेपालले ११ ओटा अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धिहरूमा हस्ताक्षर गरेको छ। जसमा सात ओटा महासन्धि आधारभूत महासन्धि मध्येका रहेका छन्।

नेपालको संविधानले उल्लेख गरेको श्रमको हक र नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरूको कार्यान्वियन गर्न श्रम ऐन २०७४ कार्यान्वयनमा छ। श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रमशोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न र श्रमसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्नका लागि उक्त ऐनको व्यवस्था गरिएको हो।

पर्यटन मजदुरहरूको सङ्गठन र टान केन्द्रीय कार्यालयले *पोर्टर*का लागि २ हजार ४ सय रुपियाँ न्यूनतम र पथप्रदर्शक लागि ३ हजार ३ सय रुपियाँ तोके पनि कार्यान्वयनको चरणमा भने उदासीन देखिएको छ।

श्रमिकको हकहित र अधिकारको पक्षमा आवाज बुलन्द गर्न ट्रेड युनियनको परिकल्पना गरिएको छ। ट्रेड युनियनको साझा परिकल्पना मजदुरको हक हितका पक्षमा आवाज उठाउने रहे पनि, नेपालमा विभिन्न राजनीतिक पार्टी सम्बद्ध छुट्टाछुटै ट्रेड युनियन छन्। श्रमिकको न्यूनतम ज्याला, द्वन्द्व समाधान, श्रमिकहरूका लागि तालिम तथा शिक्षा प्रदान गर्ने, स्वास्थ्य र सुरक्षा प्रदान गराउन सहयोग गर्ने, श्रमिकका हकको लागि वकालत गर्ने, नियुक्ति पत्रको व्यवस्था हुनुपर्ने, औषधी उपचारको व्यवस्था हुनुपर्ने, श्रमिक कल्याणकारी योजना लगायतका माग राख्दै, पर्यटन विकासलाई सहयोग पुऱ्याउने जस्ता कार्यहरू ट्रेड युनियनले गरिरहेका छन्। तर, पर्यटन क्षेत्रमा रहेका श्रमिकहरूको सवालमा भने कम मात्रै काम भएका छन्। पाँच, चार र तीन तारे होटलका श्रमिकहरूले मात्र ट्रेड युनियनको सदस्यता लिएको पाइयो। सामान्य होटल, रेस्टुरेन्ट तथा मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई ट्रेड युनियन बारेमा जानकारी भएको

पाइएन। ट्रेड युनियनले गरेको एक सर्वेक्षणमा २२.५१ प्रतिशत मजदुर विभिन्न राजनीतिक दल निकटका ट्रेड युनियनमा आबद्ध देखिएका छन् भने बाँकी ७७.४८ प्रतिशत श्रमिक कुनै पनि मजदुर सङ्गठनमा आबद्ध छैनन्।

यो क्षेत्रमा कुनै पनि कानुनी प्रावधान बिना चिनजान तथा सिफारिसको भरमा काममा राखिने हुनाले पनि श्रमिकलाई जति बेला पनि कामबाट निकाल्न सक्ने प्रचलन रहेको उनले बताए। मनोरञ्जन क्षेत्रका श्रमिकहरू भने कुनै पनि युनियनमा आबद्ध नरहेको र उनीहरूको कुनै निवेदन नआएको उनले बताए। ट्रेड युनियनमा २०७९ मा पर्यटन क्षेत्रका ५ सय जना आबद्ध रहेको र अहिलेसम्म पर्यटन क्षेत्रका चार ओटा मात्र उजुरी आएको छ।

नेपालमा सबै क्षेत्रमा काम गर्ने कामदारको अवस्था सन्तोषजनक छैन। त्यसमा पनि खासगरि पर्यटन क्षेत्रको कामदारको अवस्था झन् दयनीय रहेको छ (ढकाल, २०८०)। श्रम कार्यालयमा समयमा पारिश्रमिक नपाएर र तोकेको न्यूनतम मापदण्ड अनुसारको पारिश्रमिक नपाएको गुनासो आउने गर्छ। श्रम कार्यालयले रोजगारदातासँग प्रत्यक्ष सम्पर्कमा रही समस्याको समाधान गर्छ। छलफलबाट समाधान हुन नसकेका समस्याहरू अदालती प्रकृयामा जान्छ। श्रम कार्यालयले पटकपटक अनुगमन गर्ने गरेको भए पनि कतिपय कामदारहरू रोजगारी गुम्ने डरले रोजगारदाताको अगाडि बोल्न नै चाहँदैनन्।

साना रेष्टुरेन्टहरूमा बालश्रम पनि पाइन्छ। आर्थिक वर्ष ०८० मा पर्यटन क्षेत्रबाट जम्मा पाँच ओटा मात्र निवेदन श्रम कार्यालयमा दर्ता भएको छ। जसमा होटेलका दुई, दोहोरी साँझबाट एक, रेस्टुरेन्टबाट एक र डान्सबारको एउटा रहेका छन्। सबै निवेदन समयमा पारिश्रमिकसँग सम्बन्धित छन्। पछिल्लो समयमा पर्यटनमा नयाँ आयामहरू थपिएका छन् जुन होटेल, रेष्टुरेन्ट पर्यटकको मनोरञ्जनको लागि दोहोरी साँझ, डान्सबार, मसाज सेन्टरहरू रहेका छन् (विश्वकर्मा, २०८०)। यी क्षेत्रहरूले पर्यटकलाई आकर्षण गर्ने काम गरेको छ। तर, श्रमिकहरूलाई उचित तालिमको व्यवस्था नहुनु, अन्य क्षेत्रमा रोजगारीको अवसर कम हुनु, नियमन गर्ने सस्थाहरूले निरीक्षण तथा कार्यान्वयन नगर्नु, मापदण्ड अनुसारको पारिश्रमिकको सुनिश्चिता गर्न नसक्नुले यो क्षेत्रमा काम गर्ने कामदारको अवस्था राम्रो रहेको पाइँदैन।

पदयात्रा व्यवस्थित बनाउन नेपाल सरकार पर्यटन मन्त्रालयले २०७९ चैत १८ गतेदेखि ट्रेकर इन्फर्मेसन सिस्टम 'टिम्स' मार्फत अनिवार्य परमिट लिनुपर्ने व्यवस्था गरेको छ। छुट्टाछुट्टै परमिट बनाउनु अनिवार्य नै भएको छ। तर, त्यो हुनुपर्ने जति कार्यान्वयनमा आउन सकेको छैन। कति ठाउँमा अझैँ पनि टिम्सको चेक पोइन्ट नै छैन। परमिट नलिए विदेशी पर्यटकलाई १२ हजार रुपियाँ जरिवाना तिराउने सूचना निकालिएको थियो तर, चेकपोस्ट भने अहिले कतै छैन। गाइड अनिवार्य भनिएको छ तर, बिना गाइड आउनेलाई पनि परमिट दिइरहेको छ। टिम्स मार्फत गाइड तथा सहयोगी लिएर गएमा पदयात्रा सुरक्षित हुने र यो व्यवस्था कार्यान्वयन हुन सकेमा अधिक मात्रामा रोजगारीको सिर्जना गर्न सकिने र देशको अर्थतन्त्रमा पनि यो व्यवस्थाले सघाउ पुर्‍याउने छ (पन्थी, २०८०)।

## मनोरञ्जन क्षेत्रमा मानव अधिकारको अवधारणा र चुनौती

पर्यटनको आवागमन चौबीसै घण्टा बढाउने उद्देश्यले पोखरा लेकसाइडलाई चौबीसै घण्टा खुला राख्नुपर्ने बहस पनि बेलाबेला उठिरहेको हुन्छ। बेलाबेला चर्चामा आउँदै सेलाउँदै गरेको यो बहस सँगसँगै सुरक्षित वातावरण पनि कसरी बनाउने भन्ने विषयको खाका तयार नभइसकेकाले सम्भावित भवितव्यलाई पनि मध्येनजर गर्नुपर्ने हुन्छ। चौबीसै घण्टा सुचारू हुनसक्ने रात्री व्यवसाय डान्सबार र दोहोरी साँझमा काम गरिरहँदा कसरी सुरक्षित वातावरण सिर्जना गर्ने भन्ने विषयमा पनि गम्भीर हुनुपर्ने आवश्यकता देखिएको छ। रात्रिकालीन व्यवसायलाई सुरक्षित बनाउन बेलाबेला सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको हुन्छ। मनोरञ्जन क्षेत्रमा काम गरिरहेका महिलाहरूले पारिश्रमिक समयमै नपाउने गुनासो व्यापक सुनिन्छ। त्यसमाथि सेवाग्राहीले गर्ने गलत आचरणका कारण समस्या थपिएको छ।

## न्यून ज्याला

मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकले जुन कामका लागि पारिश्रमिक पाउँछन् त्यसमा महिला श्रमिकले वेट्रेस र बार टेन्डर्सको पनि काम गर्नुपर्ने हुन्छ। कामकाजी महिलाहरूमध्ये अधिकांश महिला डान्सबार र रेष्टुरेन्टमा काम गर्छन्। डान्सबार र रेस्टुरेन्टमा काम गर्दा अरू सँगसँगै सरसफाइको काम पनि गर्नुपर्ने, रेष्टुरेन्टमा खान आउने ग्राहक सँगसँगै

बसेर खानुपर्ने बाध्यता महिला श्रमिकले झेल्नुपर्ने हुन्छ। अध्ययन गर्न नपाएका महिलाहरू अन्य पेसामा काम पाउन गाह्रो हुने भएकाले पनि सहजै काम पाइने भएकाले यो पेसामा आउने गरेका हुन्छन्। रेस्टुरेण्टमा काम गर्न आउने कुनै ग्राहक महिला कामदारप्रति आकर्षित भए, उसलाई खुसी पारेर धेरै व्यापार गराएमा मात्रै कामदाता खुसी हुने भएकाले बाध्य भएर उनीहरूकै खुसीअनुसार चल्नुपर्ने महिला कामदार बताउँछन्। कार्यस्थलमा हुन सक्ने असुरक्षाका घटना त छँदैछ त्यसमाथि, निकै न्यून ज्यालामा मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाको श्रम शोषण पनि भइरहेको छ। अधिकांश न्यून आयस्रोत भएका परिवारबाट यो कामका लागि आउने भएकाले उनीहरूलाई सहजै कामदाताले आफ्नो अनुकूल प्रयोग गर्ने गर्छन्।

नेपालको श्रम ऐन २०७४ को दफा ११ मा रोजगार सम्झौता नगरी काममा लगाउन नहुने उल्लेख छ। सोही ऐनको दफा ११, उपदफा (१) बमोजिम रोजगार सम्झौता गर्दा त्यस्तो सम्झौतामा श्रमिकले पाउने पारिश्रमिक, सुविधा, रोजगारीको सर्त तथा तोकिए बमोजिमको अन्य कुराहरू समेत उल्लेख गर्नु पर्ने उल्लेख छ। तर, शैक्षिक योग्यता पनि निकै कम हुने भएकाले उनीहरूलाई आफ्नो अनुकूलको सम्झौतापत्र बनाएर सम्झौता गराउने गरेको पनि भेटिन्छ। पोखराको दोहोरी साँझमा काम गर्ने धेरै महिलाहरूसँग भेटेर छलफल गर्दा कुनै पनि दोहोरी साँझ, डान्स बार र स्पामा काम गर्ने श्रमिकहरूलाई नियुक्ति तथा सम्झौतापत्र दिइएको पाइएन। तर, केही मजदुरलाई नियुक्ति पत्र  र सरकारले ज्यूनतम ज्याला निर्धारण गरिएको बारे जानकारी भएको पाइयो। रोजगारदाताले वेट्रेसहरूलाई सरदरमा ५ हजारदेखि ७ हजार रुपियाँसम्म पारिश्रमिक दिएर दैनिक ५ देखि ८ घण्टासम्म काममा लगाएको पाइएको छ भने गीत गाउने कलाकार तथा डान्सरलाई कलाअनुसार ७ हजार रुपियाँदेखि १४ हजारसम्म पारिश्रमिक दिइएको पाइयो। गाउनेहरूको आयस्रोत अरू कामदारको भन्दा अलि बढी हुन्छ तर, त्यही तलब पनि नियमित रूपमा नपाउने, महिनौँसम्म बेतलबी काम गर्नुपर्ने बाध्यतामा यस क्षेत्रका कामदारहरूका रहेका छन्।

यसरी, अरू पेसामा जान नसक्ने महिला कामदारलाई श्रमशोषण त भइरहेको छ। हप्तामा एक दिन पनि बिदाको व्यवस्था यो क्षेत्रमा काम गर्नेहरूका लागि प्राय: छैन र कुनै दिन कारणवश बिदा बस्नु परेमा पनि दिनको हिसाबले पैसा काट्ने समस्या प्राय धेरै मनोरञ्जन क्षेत्रमा काम गर्नेहरूको रहेको छ।

सामान्य काम बिग्रिएमा पनि रोजगारदातादेखि ग्राहकबाट समेत दुर्व्यवहार सहनु पर्छ। राती अबेरसम्म काम गर्नुपर्ने र घर फर्कँदा सुरक्षा जोखिम पनि उत्तिकै छ।  घर पुऱ्याउने व्यवस्था भए पनि सबैमा यो सुविधा रहेको छैन।

**निष्कर्ष**

पोखराको पर्यटनको चलायमान बनाउन लेकसाइडलाई चौबीसै घण्टा खुला राख्नुपर्ने बहस पनि बेलाबेला उठिरहेको हुन्छ। कास्कीको पर्यटन क्षेत्रले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदानमात्रै गरेको छैन कैयौँलाई रोजगारी दिएको छ भने आयआर्जन गर्न मद्धत गरेको छ। तर, यस क्षेत्रमा कार्यरत श्रमिकहरूको मानव अधिकारको प्रश्न बेलाबोलामा उठ्ने गरेको छ। यस्ता विषयको सम्बोधन गर्न व्यवसायी, ट्रेड युनियनहरू तथा अन्य सरोकारवालाको ध्यान जरुरी छ।

**सन्दर्भ सामग्री**

ढकाल, सुरेन्द्र (२०८० मङ्सिर), कुराकानीका आधारित, वरिष्ठ श्रम अधिकृत, श्रम कार्यालय पोखरा।

नेपाल ट्रेड युनियन कांग्रेस (२०२०), नेपाल ट्रेड युनियन कांग्रेस बुकलेट, पृ.८, नेपाल ट्रेड युनियन काँग्रेस

पन्थी, धर्मराज (२०८० मङ्सिर), कुराकानीमा आधारित, अध्यक्ष, टान गण्डकी प्रदेश।

विश्वकर्मा, नगन (२०८० मङ्सिर), कुराकानीमा आधारित, संस्थापक नेपाल माउण्टेन वाइक एड्भेन्चर तथा पर्यटन व्यवसायी।

www. the farsightnepal.com

Fact Sheet (1991) No. 14, Contemporary forms of salvery, https://www.ohchr.org/sites/default/files/Documents/Publications/FactSheet14en.pdf

United Nations. (1991). Contemporary forms of slavery. Human rights fact sheet. Printed at United Nations, Genev.

Plant, Roger. (2014) Modern slavery: The concepts and their practical implications, https://www.ilo.org/wcmsp5/groups/public/---ed_norm/---declaration/documents/publication/wcms_355052.pdf